"समृद्ध नगर, खुशी नगरवासी"
गुर्भाकोट नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
शुभाघाट, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

फोन ०८३-४१००७२
E-mail: sktgurbhakotmun@gmail.com
Website : gurbhakotmun.gov.np

प.सं : ०७७।०७८
च.नं :

मिति : २०७८।०२।१७

## अनुदानमा उपयुक्त प्रविधि हस्तान्तरण सम्वन्धि प्रस्ताव आव्हानको सूचना
**प्रथम पटक प्रकाशित मिति : २०७८।०२।१७**

गुर्भाकोट नगरपालिका चालु आ.व.०७७।०७८ को उद्योग तथा व्यवसाय प्रर्वद्धन शाखाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार उद्योग तथा व्यवसाय गरिरहेका **एकल उद्योग/साझेदारी उद्योग/उद्यमीहरुलाई बढीमा रु.१ लाख (एक लाख) सम्मको अनुदानमा** उपयुक्त प्रविधि (मेशिन औजार) वितरण गर्ने कार्यक्रम रहेको हुदाँ इच्छुक उद्यमीहरुले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र देहायका कागजातहरु संलग्न गरी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरीएको छ ।

टेकबहादुर खत्री
प्रमुख प्रशासकिय अधिकृत

**पेश गर्नुपर्ने कागजातहरु**

१.उद्योग दर्ता/नविकरण प्रमाण पत्रको प्रतिलिपि वा उद्योगसंग सम्बन्धित विषयमा तालीम लिएका प्रमाण पत्रको प्रतिलिपि ।
२. उद्योग दर्ता भएमा PAN को प्रतिलिपि ।
३. उद्योग दर्ता भएमा आ.व.०७७।०७८ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
४. नेपाली नागरीकता प्रमाण पत्रको प्रतिलिपि ।
५. व्यवसायीक योजना ।
६. सम्बन्धित वडाको सिफारीश ।
७.कार्यविधिको अनुसुचि-२ बमोजिमको व्यवसायसंग सम्बन्धित उपयुक्त मेशिन औजारको प्रस्तावित मूल्य सहितको निवेदन ।
८.कार्यविधिको अनुसूची-३ बमोजिमको उद्योग तथा व्यवसायको विस्तृत विवरण ।

**शर्तहरु :**

(क) उपयुक्त प्रविधि हस्तान्तरण र अनुदान कार्यक्रम मध्य कुनै एकमा मात्र निवेदन दिनु पर्नेछ अन्यथा भएमा निवेदन नै रद्द हुनेछ ।
(ख) कार्यविधिको अनुसूची-२ बमोजिम सम्बन्धित व्यवसायसंग सम्बन्धित उपयुक्त प्रविधि (मेशिन औजार) को स्पेशिफिकेशन सहित प्रस्तावित मूल्य निवेदनमा स्पष्ट खुलाउनु पर्नेछ ।
(ग) निवेदकले प्रस्ताव पेश गर्दा सिलबन्दी खाममा पेश गर्नु पर्नेछ ।

Scanned with CamScanner